# राष्ट्रिय प्रजातन्त्र पार्टीको प्रतिवद्धता पत्र
# स्थानीय तह निर्वाचन
# २०७९

हलो चिन्हमा मतदान गरौं

राष्ट्र, राष्ट्रियता, प्रजातन्त्र, स्थायित्व र समृद्धिका लागि मुलुकमा सर्वधर्म समभाव पुर्ण धार्मिक स्वतन्त्रता सहितको सनातन धर्म सापेक्ष हिन्दुराष्ट्र, संबैधानिक राजसंस्था सहितको प्रजातन्त्र, सुदृढ स्थानीय स्वायत्त शासन प्रणाली, बृहत् राष्ट्रिय एकता र आर्थिक उदारीकरण राष्ट्रिय प्रजातन्त्र पार्टीका आधारस्तम्भ हुन् ।

मुलुकको गौरवपुर्ण इतिहास, धर्म संस्कृति, परम्पराको जगेर्ना गर्दै हाम्रै जीवनकालमा सवल, समृद्ध र नवीन नेपाल निर्माण गर्न सम्भव छ भन्दै राष्ट्रिय प्रजातन्त्र पार्टी राष्ट्रिय राजनीतिको विकल्प सहित खडा भएको छ । परम्परागत रुपमा चली आएका मुल्य मान्यता लाई निरन्तरता दिदै सो मान्यतामा समयानुकूल सुधार गर्दै जाने विषयमा राप्रपा प्रतिबद्ध छ ।

राष्ट्रिय प्रजातन्त्र पार्टीले शिक्षा, स्वास्थ, कृषि, भौतिक पुर्वाधार बिकास निर्माण लगायत स्थानीय साधनश्रोत परिचालन र रोजगारी सृजना लगायतका विषयलाई उच्च प्राथमिकता दिनेछ भने भ्रष्टाचारमा शुन्य सहनशीलताको निति अवलम्बन गर्नेछ ।

तसर्थ युवा, वालबालिका, महिला, ज्येष्ठ नागरीक, उत्पीडित, अल्पसंख्यक, किसान, मजदुर, उद्यमी लगायत सबै बर्ग र क्षेत्रका नागरिकको आर्थिक, सामाजिक र जनजिविकाको संरक्षण गर्ने सहज वातावरण सृजना गर्न निम्न प्रतिबद्धता सहित स्थानीय तहको निर्वाचनमा राप्रपालाई **हलो चुनाव चिन्हमा** आफ्नो अमुल्य मत दिन आम मतदातासङ्ग हार्दिक अनुरोध गर्दछौं ।

## सुशासन



- भ्रष्टाचारमुक्त स्थानीय तह
- जनतालाई निष्पक्ष र छिटो छरिटो सेवा
- चुनाब जितेको ६ महिना भित्र बिपन्न परिवारको पहिचान गर्ने
- ६ महिना भित्र सबै स्थानीय ऐनहरुको निर्माण तथा परिमार्जन गर्ने

## शिक्षा

- १२ कक्षा सम्म पूर्ण निःशुल्क शिक्षा
- सबै स्थानीय तहमा कम्तिमा एक प्राविधिक धारको विद्यालय
- सबै विद्यालयमा अनिवार्य कम्प्युटर शिक्षा
- प्रारम्भिक वालबिकास शिक्षा र कार्यक्रमलाई गुणस्तरीय बनाउन प्राथमिकता
- गरिबीको रेखा मुनि रहेका बर्ग तथा अल्पसंख्यक समुहका न्युनतम एक/एक जना प्रतिभाशाली बिद्यार्थीलाई प्रत्येक वर्ष चिकित्सा शास्त्र (एम.बि.बि.एस) र इन्जीनियरिंग (स्नातक) तह अध्ययन गर्न छात्रवृत्ति
- विद्यालयका छात्राहरूलाई निःशुल्क सेनेटरी प्याड वितरण
- विद्यालयमा छात्रामैत्री वातावरण निर्माण (सबै बिद्यालयमा छात्रा सौचालय अनिवार्य रुपमा निर्माण)
- विद्यालयमा लागु औषध दुर्व्यशन बिरुद्ध नियमित रुपमा अभियान सञ्चालन
- प्रत्येक विद्यालयमा स्वच्छ पिउने पानीको व्यवस्था
- बेरोजगार तथा सीप बिहीन युवाको लागि सीपमुलक तालिम केन्द्र स्थापना
- प्राथमिक तहसम्म स्थानीय मातृभाषामा शिक्षा
- फरक शारीरिक क्षमता भएका बिद्यार्थीका लागि बिशेष कक्षाको व्यवस्था



## स्वास्थ्य

- सबै नागरिकलाई अनिवार्य तथा निःशुल्क स्वास्थ्य वीमा
- हरेक वडामा स्वास्थ्य चौकी र निःशुल्क, गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा
- सुनिश्चित बाल स्वास्थ्य र पोषण कार्यक्रम
- प्रत्येक वडामा प्रसुती सेवा तथा निम्न आय भएका हरेक सुत्केरीलाई तीन महीनासम्म रु.३०००/- मासिक भत्ता
- स्थानीय महिला स्वास्थ्य स्वयंसेविकालाई प्रोत्साहन भत्ता
- सिक्कलसेल एनिमिया जस्ता रोगका विरामीलाई निःशुल्क उपचार
- क्यान्सर, मृगौला तथा मेरुदण्ड रोगवाट पीडित स्थानीय नागरिकलाई मासिक स्वास्थ्य भत्ता
- प्रत्येक किशोरीलाई पाठेघर क्यान्सर बिरुद्धको खोप
- प्रत्येक स्थानीय तहमा न्युनतम एक सुलभ औषधी पसलको व्यवस्था




## कृषि तथा पशु

- कृषि उद्योगमा स्थानीय रोजगार प्रवद्र्धनलाई प्रथम प्राथमिकता
- निर्यातमूलक कृषिजन्य उत्पादनमा प्राथमिकता
- कृषि उत्पादनको सुरक्षित भण्डारणका लागि चिस्यान भण्डार
- एक वडा, एक उत्पादनको अवधारणालाई प्राथमिकता
- कृषिजन्य बस्तुको बजार तथा उचित मूल्य सुनिश्चित गर्न थोक तथा हाट बजारको बिस्तार र व्यवस्थापन
- स्थलगत निरीक्षणको आधारमा व्यावसायिक कृषि, पशुपन्छी, मत्स्यपालन लगायत अन्य कृषिजन्य व्यवसायमा अनुदान
- कृषि सहकारी मार्फत उन्नत बिउ बिजनको उत्पादन,प्रबर्द्धन र वितरणमा प्रोत्साहन
- किसानको उपज बेच्ने सहकारीलाई अनुदान
- सामुहिक खेति गर्ने समूहलाई अनुदान
- सहज र सुपथ मूल्यमा कृषि मल र आधुनिक कृषि औजारको लागि अनुदानको व्यवस्था
- सामुदायिक रुपमा सतह, भूमिगत र लिफ्ट सिँचाईलाई उच्च प्राथमिकता र कृषि कार्यको बिद्धयुत शुःल्कमा अनुदान
- किसानको खेत खेतमा बिजुली
- उब्जाउ जमिन बाँझो नरहने व्यवस्था
- प्राकृतिक प्रकोप तथा जंगली जनावरवाट किसानको बालीनाली क्षति भएमा प्राविधिक निरीक्षण गरी क्षतिपुर्तिको व्यवस्था
- कृषि तथा वाली बीमाको व्यवस्था
- गाई, भैसीं, बाख्रमा कृत्रिम गर्वाधान सेवा पूर्ण रुपमा निःशुल्क
- गाई, भैसींमा सुत्केरी भत्ता



## खानेपानी

- सबै घरधुरीमा चार वर्षभित्र आधारभूत खानेपानी सेवा
- तराईमा आर्सेनिकमुक्त सुरक्षित खानेपानी
- उपभोक्ताको स्वामित्वमा खानेपानी योजना
- एक घर एक धारा



## कर व्यवस्था



- स्थानीय करको दर परिमार्जन गरी ५० प्रतिशत सम्म स्थानीय कर कटौती गरी न्युनतम करको व्यवस्था गर्ने
- रोजगारमूलक उद्योग स्थापना गर्नेलाई पूर्वाधार निर्माणमा सहयोग तथा १० वर्षसम्म स्थानीय कर छुट
- महिलाद्वारा संचालित साना तथा लघु उद्योग व्यवसायमा १२ वर्षसम्म स्थानीय कर छुट

## युवा तथा खेलकुद



- सार्वजनिक - नीजि साझेदारीवाट युवालक्षित उद्यम व्यवसाय प्रबर्द्धन
- सामाजिक कुरीति, दुर्व्यशन, अन्धविश्वास, विभेद र असमानता बिरुद्ध युवा परिचालन
- आवश्यकताको आधारमा स्थानीयतहको रंगशाला, कभर्ड हल, प्रत्येक वडामा खेल मैदान
- प्रत्येक वडामा खुला ब्यायामशालाको निर्माण
- स्थानीय प्रतिभाशाली खेलाडी तथा प्रशिक्षकलाई उच्चस्तरीय प्रशिक्षण र प्रोत्साहन
- बिदेशमा रहेका नेपाली कामदार युवाहरुलाई स्वदेश फर्कन उत्प्रेरित गर्ने र उनीहरुको सीप तथा दक्षताको आधारमा आफ्नै स्थानीय तहमा उद्यम गर्नका लागि सहज वातावरण निर्माण गर्ने, सहुलियतमा ऋण प्रदान गर्ने, निश्चित समयको लागि कर छुटको व्यवस्था गर्ने


## भौतिक संरचना, सामाजिक, महीला, रोजगार तथा अन्य





- प्रत्येक घरमा बिजुली
- एक पालिका एक स्वरोजगार तालिम केन्द्रको स्थापना र तालिम प्राप्त युवाहरुलाई रोजगारको व्यवस्थापन गर्ने
- सीप सिकेका युवाहरुलाई बिना धितो ऋण
- सार्वजनिक स्थलमा फ्री-वाईफाई (wifi)
- अति बिपन्न परिवारका लागि परिचय पत्र र सुपथ मूल्यको पसल
- सबै वडालाई सडक संजालमा जोडी बाहैं महिना चल्ने कालोपत्रे वा ग्रावेल सडक
- नगर, गाँउपालिकाको प्रत्येक वडामा बाल उद्यान, पार्क
- स्थानीय, प्रदेश र केन्द्रीय तहवाट संचालन हुने आयोजनाहरुमा स्थानीयहरुलाई रोजगारीमा प्राथमिकता

- महीला हिंसा, दाइजो प्रथा तथा वाल बिबाहको अन्त्य गर्ने तथा महीला सशक्तीकरण कार्यक्रमलाई प्राथमिकता
- एकल तथा बिदुर, शारीरिक र मानसिक रुपमा अशक्त, असहाय जेष्ठ नागरिकका लागि स्याहार-सुसार ,हेरचाह र औषधि उपचारको व्यवस्था
- अशक्त, असहाय र टुहुरा बालबालिकालाई आवश्यक शिक्षा, स्वास्थ्य र हेरचाहको व्यवस्थाका लागि स्याहार केन्द्रहरुको स्थापना
- गौशाला, गुरुकुल एवं अन्य बिभिन्न धार्मिक तथा परम्परागत मान्यतामा आधारित शैक्षिक संस्थाहरुको संरक्षण



- आवश्यकताको आधारमा एक स्थानीय तह, एक गौशाला निर्माण
- सबै प्रकारका ऐतिहासिक, पुरातात्विक र धार्मिक तथा पर्यटकीय क्षेत्र तथा संरचनाहरुको संरक्षण, प्रबर्द्धन
- स्थानीय कला तथा संस्कृतिको संरक्षण र प्रोत्साहन
- ज्येष्ठ नागरिकलाई देशभित्र निःशुल्क धार्मिक यात्राको व्यवस्था
- सबै प्रकारका जातीय छुवाछुत र भेदभावको पूर्ण रुपमा अन्त्य गर्ने
- सबै ज्येष्ठ नागरिकहरुले प्राप्त गर्ने सेवा सुबिधा घर दैलोमा नै पुर्याउने व्यवस्था
- प्रत्येक महिनाको एक पटक सबै ज्येष्ठ नागरिकहरुलाई घर दैलोमा नै आधारभूत स्वास्थ्य परिक्षणको व्यवस्था



- सामुदायिक वनहरुलाई उपभोक्ताको आय आर्जनसंग जोड्ने र व्यवस्थित गर्ने
- भूमिहीन तथा घरबार बिहीन नागरिकहरुको लागि  एकल तथा सामुहिक आवासको व्यवस्था
- स्थानीय पर्यटन बिकासलाई प्राथमिकता दिई होमस्टे संचालनको लागि निर्ब्याजी ऋण र तालिमको व्यवस्था
- स्थानीय कलाकारहरुको प्रतिभालाई अभिवृद्धि गर्न प्रोत्साहन गर्ने



- स्थानीय तहमा बिकास बिज्ञको व्यवस्था गरी सम्भाव्यताको आधारमा विकास कार्यक्रम निर्माण तथा परिचालन
- न्युनतम एक कार्यकाल नयाँ सवारी साधन खरिदमा रोक
- स्थानीय तहमा पर्यावरण संरक्षण, जलवायु परिवर्तन न्यूनीकरण तथा जलवायुजन्य जोखिम कम गर्न स्थानीय अनुकुलन कार्य योजना निर्माण तथा कार्यान्वियन
- स्थानीयस्तरवाट उत्सर्जन हुने फोहरमैला, प्रदुषण न्यूनीकरण तथा ढल निकासको उचित व्यवस्थापन
- एक बिज्ञ समुह गठन गरी एक वर्ष भित्र ग्रामिण विकास योजनाको निर्माण
- ग्रामिणस्तरमा आय-आर्जन र रोजगारीलाई सुनिश्चितता गर्दै बसाईं-सराईलाई व्यवस्थित र न्यूनीकरण गर्ने



- सबै भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित समुदायको आत्मसम्मानपुर्वक जीवनयापनका लागि वातावरण निर्माण गर्ने
- सबै भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित समुदायको जीवनस्तर सहज बनाउनका लागि सार्बजनिक सेवा सुबिधा बत्ति, खानेपानी, ढल,वाटोको सुबिधाको व्यवस्था गर्ने

**राप्रपा प्रचार प्रसार समिति**